**Solukhumbu Multiple Campus Research Journal**
[Yearly Peer Reviewed Journal]
ISSN: 2362-1400
Year 5, Volume 5, Issue 1, Dec. 2023
Solukhumbu Multiple Campus Research Development and Management Committee

# थेसिस लेखनमा पूर्वकार्यका समीक्षाको प्राज्ञिकता

**शक्तिराज नेपाल**

*Article History : Submitted 16 Sept. 2023; Reviewed 13 Oct. 2023; Accepted 15 Dec. 2023*
*Author : Shakti Raj Nepal Email: snepal758@gmail.com*

**सार**

*पूर्वकार्यको समीक्षा प्राज्ञिक लेखनको एक महत्त्वपूर्ण सिप हो, जुन सिपलाई उच्च तहका अनुसन्धाताले आफ्नो अनुसन्धानका निष्कर्षहरू स्पष्ट पार्न प्रयोग गर्नुपर्छ । यस लेखको मुख्य उद्देश्य थेसिस कार्यमा पूर्वकार्यको समीक्षा लेखन प्रक्रियालाई सहज बनाउन मदत गर्नु हो । तथा, स्नातकोत्तर, एमफिल र पिएचडीका अनुसन्धाताले पूर्वकार्यको समीक्षा के हो भनेर बुझ्न र अनुसन्धानात्मक सामग्रीको प्राज्ञिकता जाँच्न मदत गर्नु पनि यस लेखको जोड दियाइको पक्ष हो । विभिन्न तहका अनुसन्धाताहरू वैज्ञानिक प्रक्रियाको प्रयोग गरी थेसिस लेख्न सक्षम छन् कि छैनन् भनेर थाहा पाउन पनि मूल्याङ्कनको विषय बनेको छ । वर्णनात्मकतावादलाई अध्ययनको आधार बनाइएको यस लेखमा गुणात्मक पद्धतिअन्तर्गत विषय तथा पाठ विश्लेषण पद्धतिको अवधारणात्मक विश्लेषणलाई अध्ययनको आधार बनाइएको छ । किनकि, यस लेखले थेसिस लेखनमा पूर्वकार्यको समीक्षा लेखन प्रक्रियाका विभिन्न भागहरूलाई प्रस्तुत गरी ती हरेक अङ्गको व्याख्या तथा परिभाषित गर्दछ र ती सामग्रीलाई कसरी प्रस्तुत गर्ने भन्ने कुरालाई प्रस्ट पार्दछ । यसरी, यस लेखले उच्च तहका विद्यार्थीहरूको पूर्वकार्यको समीक्षा तथा सन्दर्भाङ्कनलाई पूर्वपरीक्षण गर्न सहयोग पुर्‍याउनुका साथै पूर्वकार्यको समीक्षा लेखनका विभिन्न चरणहरूको सङ्क्षेपीकृत जानकारी प्रदान गर्छ । यस प्रकारको अनुसन्धान विशेष गरी सामाजिकशास्त्र तथा शिक्षाशास्त्रीय अध्ययनका विद्यार्थीहरूका लागि उपयोगी रोडम्याप बन्दछ । यस लेखमा पूर्वकार्यको समीक्षा लेखनका प्रविधि, प्रक्रिया र महत्त्वपूर्ण रणनीतिहरूलाई सरल रूपमा प्रस्तुत गरिएको छ । तथा, पूर्वकार्यको समीक्षाको परिचय, प्रकार, फाइदा, उद्देश्य, पूर्वकार्यको समीक्षाको खाका, र पूर्वकार्यको समीक्षासम्बन्धी महत्त्वपूर्ण जाँचसूचीलाई सान्दर्भिक रूपले छलफल गरिएको छ । उक्त प्राज्ञिक छलफलपश्चात् यस लेखले थेसिस लेखनमा पूर्वकार्यका समीक्षाको विशेष भूमिका रहन्छ भन्ने कुरालाई देखाएको छ । यद्यपि, यस लेखले उठाएका मुद्दाहरू भने उच्च तहमा अनुसन्धान गर्ने अनुसन्धाताका लागि अध्ययनीय बनेका छन् । ती हरेक मुद्दालाई अनुसन्धानको विषयका रूपमा लिई अध्ययन गर्नसमेत मदत गर्ने भएकाले यस लेखको औचित्य रहेको पुष्टि हुन्छ । यसैगरी पूर्वकार्यको समीक्षालाई प्राज्ञिक लेखनको एक महत्त्वपूर्ण विषयका रूपमा प्रस्तुत गरिएकाले अनुसन्धानात्मक कार्यमा सहभागी हुने जो कसैलाई पनि यस लेखले सहयोग पुर्‍याउने ठानिएको छ ।*

***सूचक शब्द :*** *अनुसन्धान पद्धति, थेसिस लेखन, पूर्वकार्यको समीक्षा, प्राज्ञिकता, सन्दर्भाङ्कन*

## विषयपरिचय

थेसिस लेखनमा प्राज्ञिक लेखनका विभिन्न पक्षलाई आधार बनाइन्छ। थेसिस लेखनका हरेक अङ्गका बिचमा क्रमागत सम्बन्ध रहेको हुन्छ। जसमध्ये पूर्वकार्यको समीक्षा थेसिस लेखन प्रक्रियाको दोस्रो चरणमा पर्दछ। यसमा अध्ययनीय क्षेत्रमा योग्य र मान्यता प्राप्त विद्वान र शोधकर्ताद्वारा प्रकाशित गरिएको सामग्रीको समीक्षा गरी उक्त समीक्षाको प्राज्ञिकता खोजिन्छ। जब कुनै अनुसन्धाताले केही शोधकर्ताहरूलाई उद्धृत गर्दछ, तब उसको अनुसन्धानको कुनै न कुनै पक्ष ती शोधकर्ताहरूसँग जोडिएर आउँछ। त्यसरी जोडिएर आउने विषय नै पूर्वकार्यको समीक्षा हो (बादेनहर्स्ट, सन् २०१८) । यस कार्यका लागि अनुसन्धाताले चयन गरेका अनुसन्धानात्मक सामग्रीहरू वर्तमान समयसँग सम्बन्धित हुनुपर्छ, र तिनीहरूले अनुसन्धाताको अनुसन्धानात्मक विषयका बारेमा उठाइएका तर्कलाई बलियो बनाउनु पर्छ। अनुसन्धानको तहका विद्यार्थीहरूको अनुसन्धानको उद्देश्य, लक्ष्य र विश्लेषणको रूपरेखा बनाउन पनि मदत गर्नुपर्छ। उच्च तहका विद्यार्थीको लेखन क्रियाकलाप प्राज्ञिक लेखनकै वरपर हुने तथा प्राज्ञिक उत्कृष्टताका आधारमा उनीहरूको मूल्याङ्कन पनि गरिन्छ। तसर्थ प्राज्ञिक प्रवृत्तिलाई मध्येनजर गरी शोधपत्र लेखनको अध्ययन गरिएको पाइँदैन (नेपाल, सन् २०२३, पृ. २८१)। त्यसैले पूर्वकार्यको समीक्षा पनि प्राज्ञिक प्रकृतिको हुनुपर्छ।

पूर्वकार्यको समीक्षा भनेको अनुसन्धाताले पढेका लेखहरूको सारांश मात्र होइन, न त यो लामो ग्रन्थसूची एनोटेशन हो। यो केवल अध्ययनहरूको सूची होइन, जुन अनुसन्धाताको अनुसन्धानका विषयमा गरिएको छ र प्रकाशित गरिएको छ। पूर्वकार्यको समीक्षाले अन्य अध्येताले गरेका काम तथा उपलब्धि र सीमाहरूको समेत व्यवस्थित व्याख्या गर्दछ र अनुसन्धाताको अध्ययनमा नयाँ सत्य तथा तथ्याङ्कलाई जोड्दछ (वालवर्क, सन् २०११) । अनुसन्धाताको अध्ययन क्षेत्रका विद्वानहरूले अनुसन्धाताको समस्याकथनलाई समर्थन गर्छन् कि गर्दैनन् भनेर देखाउन अनुसन्धाताले सम्बन्धित अध्ययनहरूलाई आलोचनात्मक रूपमा मूल्याङ्कन गर्नु आवश्यक हुन्छ। उक्त मूल्याङ्कनको विषय पनि पूर्वकार्यको समीक्षा हो।

अनुसन्धाताको अध्ययनका लागि सैद्धान्तिक ढाँचा तथा पद्धति प्रदान गर्न अनुसन्धातासँग पूर्वकार्यका सामग्रीमा रहेका जानकारी खोज्ने सीप हुनुपर्दछ ताकि अनुसन्धाताले आफ्नो अनुसन्धानात्मक काम प्रस्तुत गर्दा आफ्नो नयाँ काम वा उपलब्धि प्राप्त भएको ठान्दछ (देना, सन् २०१३)। अनुसन्धाताले आफ्नो दाबीको रक्षा कसरी गर्दछ ? एकचोटि अनुसन्धाताले आफ्ना दाबी र सामग्रीबाट सम्बन्धित निष्कर्ष र सिद्धान्तका बिचको सम्बन्ध स्थापित गरेपछि अनुसन्धानलाई समर्थन गर्नका लागि सैद्धान्तिक रूपरेखा निर्माण गर्दछ (गल्भान र गल्भान, सन् २०१७) । समीक्षा शब्दमा दुई भागका कामहरू हुन्छन् : पुनः र दृश्य । अनुसन्धाताले आफ्ना उत्तरहरू खोज्न तथा नयाँ ज्ञान वा विषयसँग सम्बन्धित नवीनतम् निष्कर्ष हेर्नका लागि, अनुसन्धानात्मक कामलाई पुनः अध्ययन गर्न वा समीक्षा गर्न आवश्यक छ । यद्यपि पूर्वकार्यका सामग्रीको खोजलाई अनुसन्धानको जानकारीका लागि माध्यमिक स्रोत मानिन्छ।

राम्रो सामग्रीको खोजीले अनुसन्धाताको विषय र अनुसन्धान समस्यासँग सम्बन्धित क्षेत्रहरूको राम्ररी मूल्याङ्कन गर्न सहयोग पुर्‍याउँछ। साथै पूर्वकार्यको समीक्षामा विद्वानका निष्कर्षहरूको मूल्याङ्कन विद्वानले नै गर्नुपर्दछ। त्यस्तो अवस्थालाई सामग्रीको आलोचनात्मक मूल्याङकन पनि भन्न थालिएको छ। निलिमा मेहताका अनुसार "पूर्वकार्यको समीक्षा भनेको जर्नलका लेख, पुस्तक र अन्य कागजातहरूको लिखित सारांश हो, जसले प्राप्त सूचनाको विगत र वर्तमान अवस्थालाई वर्णन गर्दछ। सामग्रीलाई नवीन विषयहरूमा

व्यवस्थित रूपले जोड्दछ । तथा, प्रस्तावित अध्ययनका लागि आवश्यक कागजातहरू निर्माण गर्छ' (कैस, सन् २०१७) । यस विषयमा थम्प्सन युनिभर्सिटीका पेमला फ्राइले पनि 'पूर्वकार्यको समीक्षा भनेको अनुसन्धानका लागि विचाराधीन विषयसँग सम्बन्धित तथा सान्दर्भिक अनुसन्धानात्मक सामग्रीको उद्देश्य, विधि र आलोचनात्मक सारांशको प्रतिबिम्बन (रिफ्लेक्सन) हो" भनी प्रस्तुत गरेका छन् । यसको उद्देश्य कुनै विषयमा वर्तमान सोँच र अनुसन्धानको व्यवस्थासँग परिचित गराउनु हो तथा यसले पहिले बेवास्ता गरिएको वा नपढिएको क्षेत्रमा भविष्यको अनुसन्धानका लागि औचित्य बढाइदिन सक्छ ।

*मेरियम वेबस्टर डिक्शनरी*का अनुसार, पूर्वकार्यका सामग्रीले विद्वान प्रकृतिको अनुसन्धानात्मक कार्यलाई बुझाउँछ । एक पूर्वकार्यको समीक्षा सञ्चालन गर्नाले अनुसन्धातालाई उसको कामसँग सम्बन्धित सैद्धान्तिक र वैचारिक मुद्दाहरू स्पष्ट गर्न मद्दत गर्दछ ताकि अनुसन्धाताले आफ्नो अनुसन्धान डिजाइनलाई सही रूपमा बनाउन सकोस् ।

यस बाहेक, पूर्वकार्यको समीक्षाले अनुसन्धातालाई अनुसन्धानको विषयमा थप अनुसन्धानका लागि योग्य छ भनेर उसका पाठक वा अध्येताहरूलाई फकाउने अवसर दिन्छ । तथा पूर्वकार्यको राम्रो समीक्षाले अनुसन्धाताका दाबीहरूलाई बलियो बनाउँछ र अनुसन्धानलाई अन्य अनुसन्धानकर्ताहरूको समर्थनमा नयाँ ज्ञान सिर्जना गर्ने मौका दिन्छ, वा उनीहरूका केही निष्कर्षहरूलाई पनि अस्वीकार गर्न हौसला दिन्छ । तसर्थ उनीहरूको उक्त हौसला वा आत्मविश्वासलाई वस्तुगत अनुसन्धानको निष्कर्षसँग जोड्न सकिन्छ । क्रस्वेल (सन् २००५) का अनुसार सामग्री खोज गर्ने विभिन्न महत्त्वपूर्ण विधिहरू छन् : अनुसन्धाताको विषयका प्राज्ञिक शब्दहरू वर्गीकृत गर्ने र बौद्धिक खालका डाटाबेसहरू अनलाइनमा खोज्ने, तथा सामान्य सूचक शब्दहरूबाट लेखाइ सुरु गर्ने र बिस्तारै आफ्नो खोजलाई सीमाङ्कन गर्ने, अनुसन्धाताको अनुसन्धान समस्या र परिकल्पनाहरूसँग सान्दर्भिक मुख्य अवधारणा र सिद्धान्तहरू पहिचान गर्ने, अनुसन्धाताका अनुसन्धान उद्देश्य, अध्ययनको प्रकृति, समस्याको प्रकार र अनुसन्धान प्रश्नहरूको पहिचान गर्ने ताकि अनुसन्धाताले सान्दर्भिक अध्ययनमा ध्यान केन्ठित गर्न सकोस्, शैक्षिक पुस्तकालय, प्रविधिजन्य स्रोतहरू, प्राथमिक र माध्यमिक स्रोतहरू प्रयोग गर्ने, मुख्यतया प्राथमिक स्रोतहरूमा केन्द्रित हुने (मूल कार्य, घटनाहरू र साहित्यको पहिलोपल्ट खोजमा आधारित कुनै खाता, डायरी, रचनात्मक कार्य, पत्र, पत्रपत्रिका लेख, रिपोर्ट, फोटो, वित्तीय अभिलेख, मेमोहरू आदि), जब अनुसन्धाताले समीक्षा गर्न सामग्री चयन गर्छ, तब उसले त्यस सामग्रीलाई आलोचनात्मक रूपले समीक्षा गर्नुपर्छ । यस्तो अध्ययनले मुद्दाका हरेक कोणलाई विचार गर्छ, आफ्नो दाबीको पक्ष तथा विपक्षमा गरिएका बहसलाई अध्ययन गर्छ, ती हरेक अध्ययन तथा विचारका सबल, दुर्बल पक्ष र कमजोरीसमेतलाई नियाल्छ ।

त्यसैगरी अनुसन्धाताको खोजमा शैक्षिक जर्नल, विभिन्न गोष्ठी तथा कार्यशाला, शोध प्रबन्धहरू समावेश हुनुपर्छ, किनभने त्यस्ता सामग्रीहरूमा सामान्यतया हालको गुणात्मक र मात्रात्मक अनुसन्धानका निष्कर्षहरू हुन्छन् । यद्यपि, अनुभवजन्य (इम्पिरिकल) स्वभावका सामग्रीलाई नै थेसिसमा अत्यावश्यक मानेर अध्ययन गर्ने चलन छ । साथै अनुसन्धाताले पढ्न चाहेको र पढेका सामग्रीको राम्रो सङ्गठन हुनु पनि महत्त्वपूर्ण छ, जब अनुसन्धाताले सामग्रीको समीक्षा गर्छ, त्यतिखेर आफ्नो विषयसँग सान्दर्भिक धेरै सामग्रीहरू पढ्ने तथा अध्ययन गर्ने गर्नुपर्छ, अघिल्लो अनुसन्धाता (पूर्व लेखक वा अनुसन्धाता)ले सामग्रीको समीक्षा गर्दछ,

अनुसन्धाताले ती सामग्रीलाई पनि राम्ररी सङ्गठित गर्नुपर्छ, आफ्ना कम्प्युटर, ल्यापटप वा ग्याजेट्समा छुट्टै फोल्डर बनाएर सामग्रीको सङ्गठन गर्नु राम्रो मानिन्छ।

त्यसैगरी थेसिस लेखनमा सबैभन्दा राम्रो सन्दर्भशैली मध्ये एपिए शैली हो, अझ नेपाली शिक्षामा त एपिए शैलीलाई महत्त्वका साथ हेरिन्छ। सामग्रीको समीक्षा गर्दा पहिले लेखको सार पढ्नुपर्छ, सामान्यतः अन्य खण्डहरूमा महत्वपूर्ण मुद्दाबारे छलफल नगरेसम्म बाँकी सामग्री पढ्न आवश्यक छैन। अनुसन्धाताले छानेका लेखको नतिजा र निष्कर्षलाई पनि सारमा हेर्नुपर्छ, प्राज्ञिक प्रकृतिका लेखहरू पढ्दा, ज्ञानको अन्तर खोज्नुपर्छ र अनुसन्धाताको अनुसन्धानसँग कुनै सिधा सम्बन्ध छ कि छैन भनेर पनि हेर्नुपर्छ। अनुसन्धाताको अपेक्षित सामग्रीलाई समीक्षा गर्दा त्यसको मुख्य भाग तथा क्षेत्र र अन्तरवार्ताबाट पनि छोटो टिप्पणी लिने बानी राख्नु राम्रो मानिन्छ (रिउहर्न, सन् २०१८)। यदि अनुसन्धाताले आफ्नो दाबीको समर्थनमा कुनै सामग्री वा लेख फेला पार्न सकेन भने अनुसन्धाताले आफ्नो विषयका बारेमा कहीँ पनि र कतै पनि लेखिएको छैन भनेर प्रस्तुत गर्नुहुँदैन। तथा, अनुसन्धाताको अनुसन्धानका विषयका बारेमा अन्य भाषामा पनि लेखिएका वा अनुसन्धान गरिएका सामग्री हुन्छन्। अनुसन्धाताले पर्याप्त सामग्री खोजेको छैन भन्ने पनि अनुमान गर्ने ठाउँ बनाउनु हुँदैन। त्यस अवस्थाका बारेमा अनुसन्धाताले *मेरो जानकारीमा भएअनुसार...मा कुनै अध्ययन गरिएको छैन तापनि यस विषयसम्बन्धी खोज अनुसन्धानका कार्यहरू भइरहेका छन्* भनेर आफ्नो विषयसँग त्यस रिक्ततालाई पनि जोड्नुपर्छ।

सबै लिखित सामग्रीहरू प्राज्ञिक प्रकृतिका छैनन् भने अनुसन्धाताले लेखको प्रामाणिकताका बारेमा आफैँलाई सोध्नु पर्छ, के यो लेखले आफ्नो विषयलाई स्पष्ट पार्छ ? यसका सीमितताहरू के हुन् ? के यो लेखले आफ्नो अध्ययनमा राखिएका प्रश्नहरूको जवाफ दिन मदत गर्छ ? के लेखकले निष्कर्षलाई सही वा वस्तुनिष्ठ रूपमा विश्लेषण गरेको छ ? लेखक वा उक्त लेखको योगदान के छ ? जस्ता प्रश्नका उत्तर खोजिसकेपछि मात्रै समीक्षालाई आलोचनात्मक बनाउन सकिन्छ। त्यसैगरी अनुसन्धानका क्रममा सामग्रीलाई समीक्षा गर्नु भनेको अनुसन्धाताको पनि मूल्याङ्कन गर्नु हो भन्ने ठानिन्छ। अनुसन्धाताले कसरी सामग्रीको समीक्षा गर्‍यो, अनुसन्धानात्मक लेखको समीक्षा गर्दा के के कुरामा ध्यान दियो भन्ने कुरा महत्त्वपूर्ण हुन्छ ( बिगम, सन् २००८)।

प्राज्ञिक लेखनको मान्यताअनुरूप अनुसन्धाताले सन्दर्भाङ्कनलाई कसरी व्यवस्थित गरेको छ, आफूले अपनाएका सामग्रीको स्रोतलाई कसरी खुलाएको छ भन्ने कुरा महत्त्वपूर्ण हुन्छ। तसर्थ अनुसन्धानमा ल्याइएका सामग्रीको आलोचनात्मक (क्रिटिकल) मूल्याङ्कन गरिएको हुनुपर्छ (बिगम, सन् २००८)। अनुसन्धाताले साहित्य वा सामग्रीको समीक्षा लेख्दा, आफ्ना पाठकलाई अध्ययनको समस्या कथनको बारेमा के जानकारी दिएको छ र कुन सूचना दिएको छैन भनेर पनि देखाउनु पर्छ। त्यस लेखाइले अनुसन्धानको निष्कर्षलाई विशिष्ट बनाउन मदत गर्दछ। अनुसन्धाताको समीक्षात्मक लेखनले अनुसन्धानात्मक उद्देश्य, प्रश्न र समस्याकथनसँग सम्बन्धित विषयलाई प्रस्तुत गर्नुपर्छ। अनुसन्धाताले उद्धृत गरेका लेखहरूले अनुसन्धानात्मक समस्याको गहिरो अनुसन्धानका लागि उठाइएका मुद्दालाई परिभाषित र बलियो बनाउनुपर्दछ (मूल्य, सन् २०१७)।

अतः अनुसन्धानमा पूर्वकार्यको समीक्षात्मक लेखनका लागि विशेष सीप चाहिन्छ जुन सिपको प्रयोग गरी प्रत्येक अनुसन्धाताले आफ्ना अनुसन्धानका निष्कर्षहरू स्पष्ट रूपमा व्यक्त गर्न सक्छन् । तर, अधिकांश अनुसन्धाताले आफ्नो अनुसन्धानका क्रममा पूर्वकार्यको समीक्षामा भ्रम, अन्यौल तथा अस्पष्टताको अवस्थामा नै अनुसन्धान सकेको स्थिति छ। धेरैजसो अनुसन्धातामा पूर्वकार्यको समीक्षा कसरी, के के, कुन कुन विषय समेट्ने, कस्तो संरचनामा लेख्ने, कसरी सन्दर्भाङ्कन गर्ने, गुणात्मक र परिमाणात्मक अनुसन्धानको समीक्षा कसरी गर्ने भन्ने नै अन्यौल रहेको देखिन्छ । उक्त समस्याका बिचमा अनुसन्धानात्मक कार्य भइरहे तापनि प्राज्ञिक स्वरूपको समीक्षाको भने रिक्तता नै देखिएको छ । तसर्थ अनुसन्धानका हरेक तह र तप्कामा पूर्वकार्यको समीक्षाको आवश्यकता, समग्र अनुसन्धानको सङ्गठनमा पूर्वकार्यका सामग्रीको भूमिका तथा लेखाइको स्वरूपका बारेमा गरिएको चर्चालाई यस अध्ययनको समस्या बनाई उक्त रिक्ततालाई पूरा गर्दै अनुसन्धातालाई पूर्वकार्यको समीक्षा बारे अभिप्राय बुझ्न मदत गर्नु, उक्त लेखन प्रक्रियाको वर्णन गर्नु तथा अनुसन्धातालाई सामग्रीको प्राज्ञिक समीक्षा गर्न मदत गर्नु नै यस लेखको उद्देश्य बनाइएको छ। अनुसन्धान कार्यमा आवश्यक पर्ने पूर्वकार्यको समीक्षाको आलोचनात्मक समीक्षा गर्न जोकोहीलाई पनि मदत गर्ने भएकाले यस लेखको औचित्य रहेको छ।

## अध्ययनविधि

यस लेखमा विशेषतः वर्णनात्मक दार्शनिक मान्यतालाई आधार मानी गुणात्मक तथा वर्णनात्मक पद्धतिलाई अपनाइएको छ । तथा सम्बद्ध पाठ वा सामग्रीको विश्लेषण गर्न द्वितीयक स्रोतका सामग्रीलाई अपनाइएको छ भने अनुसन्धानमा हरेक अध्यायको निष्कर्ष कसरी निकाल्ने र उक्त कार्यमा पूर्वकार्यको समीक्षाको स्थानका बारे चर्चा गरी वर्णनात्मकताका आधारमा निष्कर्ष निकालिएको छ (गार्सिया र अन्य, सन् २०१५)। अनुसन्धानमा पूर्वकार्यको समीक्षाको अभिप्राय, अनुसन्धानमा यसको भूमिका, यसको लेखन प्रक्रिया जस्ता पक्षको वर्णन गरी लेखनलाई प्राज्ञिक बनाउने प्रक्रियाको व्याख्या गरिएको छ। अनुसन्धान तहमा गरिने अनुसन्धान प्रक्रियाका विभिन्न भागका बारे पूर्वकार्यको समीक्षालाई केन्द्रमा राखी छलफल र वर्णन गरिएको यस लेखमा धेरै सरल र बुझ्ने भाषाको प्रयोग गरिएको छ (फर्यादी, सन् २०१८)। थेसिस लेखनमा पूर्वकार्यको समीक्षा प्रक्रियाका आधारभूत विशेषतालाई व्याख्या गर्न वर्णनात्मक तथा विश्लेषणात्मक विधिलाई लागु गरिएको छ

## नतिजा तथा छलफल

प्राज्ञिक लेखनको एक अनिवार्य तत्व थेसिस लेखनमा पूर्वकार्यको समीक्षाको स्थानका बारे चर्चा गर्न प्राज्ञिक सामग्रीलाई नै खोजिएको छ। प्राप्त सामग्रीलाई यहाँ छलफल तथा व्याख्या गरिएको छ।

### पूर्वकार्यको समीक्षा र अनुसन्धाताको संज्ञानात्मक सिप :

अनुसन्धानमा अनुसन्धाताको संज्ञानात्मक ज्ञानको बढी जरुरी हुन्छ। उक्त कुरालाई प्राज्ञिक लेखाइमा पनि महत्त्वका साथ हेरिन्छ । यसै सन्दर्भमा बिगम (सन् २००८) ले बेन्जामिन ब्लुमको संज्ञानात्मक सिपलाई पूर्वकार्यको समीक्षासँग जोडेर यस प्रकार प्रस्तुत गरेका छन् (पृ.७३) : प्रस्तुत खाकालाई पूर्वकार्यको आलोचनात्मक तथा प्राज्ञिक समीक्षा गर्न सहयोगी सामग्रीका रूपमा अपनाउन सकिन्छ :

| संज्ञानात्मक सिप | पूर्वकार्यको समीक्षा (प्रमाणहरू) |
|---|---|
| *ज्ञान* | यस तहमा अनुसन्धाताले कुनै सामग्रीमा सुनेका, देखेका वा पढेका कुराको आवृत्ति गर्ने कुरो तथा सामान्य तथ्य र तालिकालाई स्मरण गरी प्रस्तुत गर्ने कुरो पर्दछ। तर, स्मरणमा आधारित भएकाले यसको कुनै प्रमाण हुँदैन। |
| *बोध* | यस तहमा कतै सुनेका, पढेका कुरालाई भावार्थ प्रस्तुत गर्ने कुरो पर्दछ। तथा आफ्नै भाषामा व्यक्त गरिने भएकाले सामान्य बोधको सिपको प्रसङ्ग जोडिन्छ। यसको सम्बन्ध सुनाइ तथा पढाइ सिपसँग नै जोडिएको हुन्छ । यसमा सामान्य प्रमाण पाइन्छन्। |
| *प्रयोग* | यस तहमा अरुका विचार, दृष्टिकोण, सिद्धान्त तथा उदाहरणलाई प्रस्तुत गरी आफ्नो सिद्धान्तमा जोड्ने कुरो पर्दछ। यसर्थ यसमा कुनै सिद्धान्तलाई तथ्याङ्कमा प्रयोग गर्ने विषय अपेक्षित हुन्छ। यसमा प्रमाण पाइन्छन्। |
| *विश्लेषण* | यस तहमा कुनै लेखक वा अनुसन्धाताका सामग्रीप्रति आफ्नो तर्क राख्ने, कुनै प्रतिवेदनमा आफ्नो धारणा राख्ने, सर्वेक्षणमा आफ्नो दाबी वा विरोध गर्ने आदि कुरा पर्दछन्। अनुसन्धाताले खोजेर भेटेमा सामग्रीका निष्कर्षप्रति आफ्नो तर्क राख्ने कुरा यससँग सम्बन्धित छन्। |
| *संश्लेषण* | यस तहमा थेसिस लेखनका क्रममा ल्याएका सामग्री सामग्रीका बिचमा सम्बन्ध स्थापना गर्ने, तर्क तथा छलफललाई सँगसँगै ल्याउने, विश्लेषित तथ्याङ्कका बिचको थिम निकाल्ने कुरो जोडिन्छ। |
| *मूल्याङ्कन* | यस तहमा अन्य लेखक, अनुसन्धाता, सर्जक वा प्रस्तुतकर्ताको सामग्रीमाथि आलोचनात्मक विचार, तथ्य, विभिन्न संज्ञानात्मक सिपको मिश्रण तथा तथ्य र प्रमाणहरूको प्रस्तुति, अभिमत, प्रतिक्रिया दिई पुष्टि गर्ने कुराहरू पर्दछन्। |

माथिको तालिकाअनुसार अनुसन्धानका क्रममा अपनाइएका सामग्रीमाथि संज्ञानात्मक सिपको दृष्टिकोण बनाउन सकेमा अनुसन्धानलाई प्राज्ञिक बनाउन सकिन्छ।

**पूर्वकार्यका समीक्षाको प्रकार :**

**प्राथमिक सामग्रीको समीक्षाः** कसैले पहिलोचोटी लेखेको, अनुसन्धान गरेको, सिर्जना गरेको, प्रकाशित गरेको तथा अन्वेषणमा आधारित सामग्रीहरू प्राथमिक स्रोतका सामग्री हुन् । त्यस्ता सामग्रीहरूबाट निकालिएको निष्कर्षलाई अर्गानिक, मौलिक, प्राथमिक वा फस्ट ह्यान्ड निष्कर्ष भनिन्छ।

**माध्यमिक सामग्रीको समीक्षाः** विशिष्ट विषय, पुस्तक, मोनोग्राफ, र सामान्यीकरणसँग सम्बन्धित सामग्रीलाई माध्यमिक सामग्री भनिन्छ। अरुले पहिल्यै प्रयोग गरिसकेका, अपनाइसकेका, व्याख्या गरिसकेका सामग्री यस वर्गमा पर्दछन्। अरुको कामबाट अपनाइने सामग्री भएकाले यस प्रकारका सामग्रीलाई द्वितीयक सामग्री (सेकेन्ड ह्यान्ड मटेरियल्स्) पनि भनिन्छ। जस्तै : शैक्षिक पुस्तकहरू, जर्नल लेखहरू, वृत्तचित्रहरू, जीवनी र समालोचनाहरू।

**तृतीयक सामग्रीको समीक्षाः** यसले प्राथमिक र माध्यमिक स्रोतहरूबाट मिश्रण (मर्ज) गरिएको ज्ञानलाई जनाउँछ (फर्यादी (सन् २०१८) । यस प्रकारको सामग्रीले प्राथमिक र माध्यमिक स्रोतहरूको सारांश, सारहरूलाई पनि जनाउँछ। अनुसन्धानमा यस शब्दलाई विरलै प्रयोग गरिन्छ। तथा, यसलाई एक शैक्षिक उद्देश्यका लागि मात्र प्रयोग गरिन्छ। जस्तै : विश्वकोश, एटलस, समीक्षा लेख।

**पूर्वकार्यको समीक्षा गर्ने प्राज्ञिक नियम :**

अङ्ग्रेजी विद्वान जाना लेभिनले भनेका छन् 'लेखनमा संदीग्धता एक मनोरञ्जनको पाटो हो तर विज्ञानमा यस्तो पाटो राम्रो हुँदैन।' यस भनाइलाई स्रोत बनाएर भन्दा पनि कुनै पनि लेखाइमा संदीग्धता देखिएमा त्यसमा तर्क, बहस, प्रमाण र सिद्धान्तको प्रयोग गर्ने ठाउँ रहन्छ। तर, विज्ञानका प्रयोग तथा परीक्षणका कुरामा संदीग्धताले मार्गलाई अन्यौल बनाउँछ। त्यसैले वैज्ञानिक प्रकृतिको प्राज्ञिक लेखाइमा त्यसप्रकारको संदीग्धता अनपेक्षित हुन्छ। किमोन्स् (सन् २०१८) ले प्राज्ञिक लेखनका पाँच सिद्धान्त भनी ती सिद्धान्तलाई प्राथमिकताका आधारमा प्रस्तुत गरेका छन् (5Cs) : प्रस्टता (Clarity), तार्किकता (Cogency), संरचनात्मकता (Conventionality), पूर्णता (Completeness), सङ्क्षिप्तता (Concision)। सोही कुराको नियम थेसिसको पूर्वकार्यको समीक्षात्मक लेखनमा पनि लागु हुन्छ (फर्यादी, सन् २०१८)। ती सैद्धान्तिक मान्यतालाई प्राथमिकता दिई यस अध्ययनको उद्देश्यअनुसार व्याख्या गरिएको छ :

**नियम १**: समस्यामूलक विषय र पाठकको पहिचान गर्ने

**नियम २**: अत्यावश्यक सामग्री खोज्नु र पुनः खोज्नु,

**नियम ३**: पढ्दा प्राथमिकताका आधारमा टिपोट गर्नु,

**नियम ४**: अनुसन्धाताले लेख्न चाहेको समीक्षाको प्रकार छान्नु,

**नियम ५:** समीक्षालाई केन्द्रमा राख्नु, तर यसलाई सामान्यतया रोचक बनाउनु,

**नियम ६**: आलोचनात्मक भई निरन्तर र सङ्गठित रूपले लेख्ने,

**नियम ७:** लेखाइको तार्किक संरचना फेला पार्नु,

**नियम ८:** समीक्षाका विविध प्रतिक्रियाहरूको प्रयोग गर्नु,

**नियम ९:** अनुसन्धाताले आफ्नो सान्दर्भिक अनुसन्धान प्रस्तुत गर्नु, तर वस्तुनिष्ठ हुनु,

**नियम १०:** अनुसन्धाता सधैं अद्यावधिक हुनु, तर पुराना अध्ययन तथा सामग्रीलाई बहिष्कार नगर्नु (मार्को र बोर्न, सन् २०१३)।

**पूर्वकार्यको समीक्षा गर्दा खोजिने समस्यामूलक प्रश्न :**

कैस (सन् २०१२) का अनुसार पूर्वकार्यको समीक्षा गर्दा खोजिने प्राज्ञिक प्रश्नलाई यहाँ प्रस्तुत गरिएको छ :

१) के सामग्रीको समीक्षाले अनुसन्धाताको समस्याकथनको अन्तरविषयमा छलफल गर्छ ?

२) के सामग्रीको समीक्षाले अनुसन्धाताको समस्याकथनलाई महत्त्वपूर्ण रूपमा समर्थन गर्दछ ?

३) उक्त सामग्रीका लेखकको प्रस्तुत ज्ञानसँग सहमत वा असहमत हुनुहुन्छ, र किन ?

४) के उक्त सामग्रीको अन्तिम निर्णय वा निष्कर्ष उत्कृष्ट, तार्किक, प्राज्ञिक वा प्रेरक छ ?

५) के अनुसन्धानकर्ताले आफ्नो समस्या कथनलाई प्रमाणित वा खण्डन गर्ने सामग्री उद्धृत गरेको छ ?

**पूर्वकार्यको समीक्षाका फाइदाहरू :**

अनुसन्धानको आधारभूत विषयका रूपमा पूर्वकार्यको समीक्षालाई लिइन्छ। सर्वप्रथम विषय वा शीर्षक छान्नुपूर्व नै रुचिका विषयबारे लेखिएका, पढिएका, प्रकाशन गरिएका तथा अनुसन्धान गरिएका सामग्रीको अध्ययन गर्नु आवश्यक हुन्छ। उक्त अध्ययनबाट विषय, समस्या, परिसीमा आदि बारे जानकारी प्राप्त हुने भएकाले अनुसन्धानात्मक कार्यका लागि पूर्वकार्य वा सामग्रीको अध्ययन तथा समीक्षालाई आधारभूत र अत्यावश्यक विषय, एकाइ वा पदावलीका रूपमा अपनाइन्छ। परिमाणात्मक थेसिसका विभिन्न चरहरूको पत्ता लाउन, अध्ययनको सङ्गठनात्मक स्वरूप निर्माण गर्न जस्ता कार्यमा पूर्वकार्यको समीक्षाले मदत गर्दछ। थेसिस लेखनमा पूर्वकार्यको समीक्षाले पुर्‍याउने फाइदालाई यहाँ प्रस्तुत गरिएको छ (क्रस्वेल र क्रस्वेल, सन् २०२३), बिगम (सन् २००८), वालवर्क (सन् २०११), बुथ र अन्य (सन् २०१६) :

१) अनुसन्धानका लागि मार्ग बनाउन, अनुसन्धानको क्षेत्र निर्धारण गर्न मदत पुग्ने,

२) अनुसन्धानको क्षेत्रलाई ढाँचामा ल्याई छोटो र प्रस्ट शीर्षक बनाउन मदत पुग्ने (क्रस्बेल र क्रस्बेल, सन् २०२३),

३) आफ्नो रुचि तथा विशेषज्ञताको क्षेत्रमा आफूलाई थप जानकार बनाउन,

४) अनुसन्धाताको अध्ययनका बारेमा मुख्य प्रश्नहरूको जवाफ दिन,

५) हालका अनुसन्धाताहरूले कुन विधि र विधिहरू प्रयोग गरिरहेछन् भनेर हेर्न र क्रिटिकल मूल्याङ्कन गर्न,

६) अनुसन्धानको समस्या, उद्देश्य, सीमा, परिसीमा तथा निष्कर्षको परिकल्पना तयार गर्न,

७) अनुसन्धाताका लागि आफ्नो अनुसन्धानको रिक्तता, अध्ययनविधिको रिक्तता पत्ता लगाई अवधारणात्मक ढाँचा तयार पार्न,

८) पूर्वकार्यको समीक्षाले अनुसन्धानमा विषयको परिचय, त्यसको ढाँचा निर्माण गर्न,

९) गुणात्मक अनुसन्धानमा अध्ययनको तुलनात्मक विश्लेषण गरी निष्कर्ष निकाल्न (क्रस्बेल र क्रस्बेल, सन् २०२३),

**पूर्वकार्यको समीक्षाका उद्देश्यहरू :**

अनुसन्धानात्मक लेखनलाई विश्वसनीय, प्राज्ञिक, वस्तुगत तथा प्रामाणिक लेखनका रूपमा लिइन्छ। उक्त किसिमको लेखाइलाई स्तरीय लेखाइका रूपमा अभ्यास गरिने भएकाले वस्तुगत अध्ययन तथा अनुसन्धानमा पूर्वकार्यको समीक्षाका प्राज्ञिक प्रकृतिका उद्देश्यलाई यहाँ प्रस्तुत गरिएको छ :

१) के आफूले अनुसन्धानात्मक जानकारी पहिले नै अध्ययन गरिसकिएको छ त ? भनेर पहिचान गर्नु,
२) अनुसन्धान गर्न लागिएको क्षेत्रको रिक्तताको पहिचान गर्नु,
३) अरू कसले आफ्नै प्रकृतिको काम गरेको छ कि छैन भनेर पत्ता लाउनु,
४) आफ्नो रुचि तथा विशेषज्ञताका क्षेत्रको मूल्याङ्कन गर्नु,
५) विषयको प्रकृतिअनुरूप के कस्ता विधि तथा पद्धति अपनाइन्छन् भनेर अध्ययन गर्नु,
६) निष्कर्ष र उद्देश्य तथा सिद्धान्तका बिचमा तुलनात्मक अध्ययन गर्नु,
७) अध्ययन क्षेत्र र शीर्षक तथा निष्कर्षका बिचमा सम्बन्ध निर्माण गरी अध्ययनको डिजाइन बनाउनु,

पूर्वकार्यको समीक्षा लेखाइको सिप प्राज्ञिक लेखनमा एक महत्त्वपूर्ण र प्राथमिकतामा पर्ने विधा हो। पूर्वकार्यको समीक्षा सफलतापूर्वक पूरा गर्दै महत्त्वपूर्ण बौद्धिक कार्यहरूको सेट तयार गरिन्छ। यसमा निपुणता तथा प्राविधिकताको स्तर खोजिन्छ। पूर्वकार्यको समीक्षा गर्दा अनुसन्धाताले पूर्वकार्यका बिच विरोधाभास् निष्कर्ष वा अभिव्यक्ति, अनुसन्धान रिक्तता, अनुसन्धान विधिको रिक्तता, अध्ययन तथा सन्दर्भाङ्कनमा हुने गरेका व्यक्तिपिच्छेका प्रयोग र विसङ्गति, समस्याकथनसँगको सम्बन्धका पूर्वकार्यलाई जोडेर पनि हेर्नैपर्दछ ( वर्दी, सन् २०१२)। तिनीहरूले आफ्नो अनुसन्धानका बारेमा लेखाइको आयाम, शीर्षक तथा पूर्वकार्यको चयन, आफ्नो अध्ययन गति, सामग्रीको उपलब्धता आदिको पनि निक्यौंल गर्नुपर्दछ। पूर्वकार्यको समीक्षामा परिष्कृत, बौद्धिक र उच्च स्तरको सोचाइ तथा आलोचनात्मक कौशलको अपेक्षा गरिन्छ ब्रुस (सन् २००१), टर्नर र बिटचेनर (सन् २००८)। यसर्थ उच्च तहका अनुसन्धाताका लागि पूर्वकार्यको समीक्षालाई केन्द्रीय तत्त्व वा विषयका रूपमा हेरिन्छ (कम्लर र थम्प्सन, सन् २००६)। यद्यपि अचेल अनुसन्धानका क्षेत्रमा विद्यार्थीका लागि पूर्वकार्यको समीक्षा गर्दा भाषिक तथा अध्ययन विधिको चयन र प्रयोगका बारेमा बढी चुनौती देखा परेको छ (बादेनहर्स्ट, सन् २०१८)।

**पूर्वकार्यको समीक्षाको ढाँचा :**

विश्वविद्यालयमा गरिने अनुसन्धानमा पूर्वकार्यको समीक्षाका ढाँचामा विविधता देखिन्छ। थेसिस लेखनलाई प्राज्ञिक लेखनको एक अनिवार्य र महत्त्वपूर्ण विषय मानिने भएकाले पूर्वकार्यको समीक्षामा एकरूपता हुनु आवश्यक छ। अहिलेसम्म भएका पूर्वकार्यका समीक्षाको वस्तुस्थिति हेर्दा पूर्वकार्यको समीक्षालाई स्थापित अनुसन्धानात्मक ग्रन्थ तथा थेसिसका आधारमा ढाँचाबद्ध गर्नु जरुरी छ। यद्यपि सामग्री समीक्षाको ढाँचा वा टेम्प्लेट एक विश्वविद्यालयबाट अर्कोका बिचमा भिन्नता हुन्छ। अनुसन्धाताले यस विषयमा आफ्नो विभाग, सुपरभाइजर तथा विज्ञसँग समन्वय गरी आफ्नो ढाँचालाई स्तरीय, प्राज्ञिक र व्यवस्थित बनाउनु जरुरी हुन्छ। यद्यपि, एक विशिष्ट र सामान्य ढाँचाको पूर्वकार्यको समीक्षालाई निम्नानुसार संरचित गर्नु उपयुक्त हुन्छ :

**परिचयः** अनुसन्धानको विषय र अनुसन्धाताको खोजको दायरा परिभाषित गर्नुपर्छ । अनुसन्धान समस्याको विशेष पक्षहरूमा ध्यान केन्द्रित गर्नु अघि अनुसन्धान विषयको बारेमा सामान्य कथन बनाउनुपर्छ। अन्तमा, अनुसन्धाताको अनुसन्धानको दायरा निर्धारण गर्नुपर्छ। अनुसन्धानमा कुन प्रकारका सामग्रीलाई राख्ने वा हटाउने भन्ने बारे उल्लेख गर्नुपर्छ।

**मुख्य भागः** सामग्रीको आलोचनात्मक मूल्याङ्कन गरिनुपर्दछ तथा सामग्रीको उक्त प्रकृतिको मूल्याङ्कनमा क्रमिक र विषयगत दृष्टिकोणको प्रयोग गर्नुपर्छ। सामग्रीलाई आलोचनात्मक रूपमा समीक्षा गरी सङ्क्षेपमा प्रस्तुत गर्नुपर्छ। उक्त सामग्रीमा प्रयोग गरिएको विधि तथा पद्धतिलाई आफ्नो अनुसन्धानमा के कसरी उपयोग गर्ने भन्ने कुरा उल्लेख गर्नुपर्छ र आफ्नो अनुसन्धानमा उक्त सामग्रीको उपयोगिता पुष्टि गर्नुपर्छ।

**निष्कर्षः** चयन गरिएका सामग्रीका निष्कर्षहरूलाई संश्लेषण गर्नुपर्छ । ती सामग्रीलाई आफ्नो अनुसन्धानमा सम्बन्ध देखाउनुपर्छ तथा ती सामग्रीहरूका सबल तथा दुर्बल पक्षलाई पनि प्रस्तुत गर्नुपर्छ । आफ्नो दाबीलाई समर्थन गर्ने सन्दर्भाङ्कन प्रस्तुत गरी समीक्षालाई व्यवस्थित गर्नुपर्छ।

**सन्दर्भहरू**ः मूलपाठका सन्दर्भाङ्कन, सन्दर्भाङ्कन गर्ने तरिका वा शैली तथा तिनको प्रकारअनुरूप आफ्नो पाठलाई प्राज्ञिक बनाउनुपर्छ।

**पूर्वकार्यको समीक्षा गर्दा समेट्नुपर्ने महत्त्वपूर्ण बुँदाहरू :**

१) पूर्वकार्यको समीक्षा गर्नका लागि यसको स्वरूप, अभिप्राय तथा संरचनाका बारेमा थाहा पाउनुपर्छ, २) आफ्नो अनुसन्धानको उद्देश्य तथा समस्यामा आधारित सामग्रीलाई मात्र खोज्ने र सङ्कलन गर्नुपर्छ,

३) आफूले सङ्कलन गरेका सामग्रीले प्रदान गर्ने सूचनाको प्रमाणीकरण गर्नुपर्छ,

४) अनुसन्धाताले आफ्नो अनुसन्धानको सान्दर्भिकता पुष्टि गर्नुपर्छ,

५) आफ्ना सामग्रीहरू समसामयिक छन् कि पुराना छन्, पुराना भएमा कति समयअगाडि सम्मका सामग्रीले आफ्नो अध्ययनलाई सहयोग गर्छन् भन्नेमा प्रस्ट हुनुपर्छ,

६) आफूले ल्याएका सामग्रीको वस्तुगत रूपले आलोचनात्मक मूल्याङ्कन गर्नुपर्छ,

७) ल्याएका सामग्रीका प्राथमिक र द्वितीयक स्रोतका बारेमा यकिन गर्नुपर्छ,

८) उद्धृत सामग्रीहरू आफ्नो समस्यासँग सान्दर्भिक छन् कि छैनन्? कुन समस्यासँग कसरी सम्बन्धित छन् भन्नेमा प्रस्ट हुनुपर्छ,

९) समीक्षाबाट प्राप्त नयाँ कुरा वा सूचनालाई कसरी आफ्नो अध्ययनसँग जोड्ने भन्नेमा जानकार हुनुपर्छ,

१०) आफूले ल्याएका वा पढेका तथा सङ्कलन गरेका सामग्रीलाई कसरी व्यवस्थित गर्ने भन्ने योजना बनाउनुपर्छ,

११) आफूसँग आफ्ना परिकल्पना, दाबी तथा परिसीमित अध्ययनीय वस्तुको अध्ययन गर्ने सामग्री पर्याप्त छन् कि छैनन्, उक्त सामग्रीमा तथ्याङ्कको व्याख्या तथा विश्लेषण सही रूपमा गरिएको छ कि छैन, भन्ने जस्ता आफ्नो अध्ययनले पुर्‍याउने योगदानमा सचेत हुनुपर्छ,

**पूर्वकार्यको समीक्षा गर्दा देखिने समसामयिक चुनौतीहरू :**

**भाषिक चुनौती** : शब्दभण्डार, वाक्य संरचना, विधागत विशिष्टता, सन्दर्भाङ्कन आदिमा चुनौती देखा परिरहेका छन्।

**विधिगत चुनौती** : सान्दर्भिक शोध, ग्रन्थ तथा जर्नल वा सामग्री छान्ने, सबैलाई संश्लेषण गर्ने, के छान्ने, कति छान्ने, भन्ने विषयमा अनुसन्धातालाई देखापर्ने चुनौती पनि उस्तै बढिरहेको छ।

**अवधारणागत चुनौती** : पूर्वकार्यका समीक्षाको प्रयोजन वा उद्देश्यलाई अनुसन्धाताले कसरी बोध गर्छ, समीक्षा र अनुसन्धानका बिचको रिक्तता कसरी पत्ता लाउने, अध्ययनको औचित्य कसरी पुष्टि गर्ने, तथ्याङ्क सङ्कलन कसरी गर्ने, तथ्याङ्क विश्लेषण कसरी गर्ने, निष्कर्ष कसरी निकाल्ने, यदि मिश्रित पद्धतिको अध्ययन छ भने मिश्रित विश्लेषणलाई कसरी जोड्ने (Blending) भन्ने जस्ता चुनौती बढिरहेका छन्।

**ज्ञानात्मक वा विषयगत चुनौती** : ज्ञान निर्माण र अध्ययनको छलफलमा कसरी सैद्धान्तिक रूपले प्रवेश गर्ने, अनुसन्धानको समग्र पक्ष ज्ञान निर्माण तथा परीक्षणमा निहित हुने भएकाले ती सबै पक्षलाई समेटेर संश्लेषणात्मक प्रस्तुति गर्न चुनौती देखिइरहेका छन् (चेन र अन्य, सन् २०१६)।

## अध्ययनको प्राप्ति

अनुसन्धानका कार्यमा व्यवस्थित प्रक्रिया अपनाउने अभ्यासका लागि यस लेखले जोड गरेको छ। पूर्वकार्यका समीक्षाको आलोचनात्मक समीक्षाका माध्यमबाट प्राज्ञिक लेखनको धर्मलाई निभाइएको छ। आलोचनात्मक समीक्षाको प्रक्रिया, थेसिस लेखनमा पूर्वकार्यका समीक्षाको प्रभाव तथा आवश्यकतालाई देखाइएको छ। साथै पूर्वकार्यका सामग्रीको वैज्ञानिक अध्ययन तथा मूल्याङ्कनका पक्षलाई मिहिन ढङ्गले प्रस्तुत गरिएको छ। उक्त आधारमा पूर्वकार्यका समीक्षालाई थेसिस लेखनको महत्त्वपूर्ण अङ्गका रूपमा प्रस्तुत गरिएको छ। तथा, पूर्वकार्यको समीक्षालाई पूर्वथेसिस, थेसिस र पश्चथेसिसको प्रक्रियासम्म प्राज्ञिक विषयका रूपमा राखिएको छ।

## निष्कर्ष र उपयोगिता

प्राज्ञिक लेखनमा वस्तुपरक तथा औपचारिक भाषा तथा ढाँचाको अपेक्षा गरिन्छ। लेखनका त्यस किसिमका प्रवृत्तिलाई बढी मात्रामा अनुसन्धानात्मक लेखनमा भेटिन्छ। वस्तुपरक ढङ्गले अनुसन्धानलाई सफल बनाउन र प्राज्ञिक क्षेत्रमा योगदान दिनका लागि लेखाइलाई व्यवस्थापन गर्नुपर्छ। अनुसन्धानलाई प्रामाणिक, सान्दर्भिक र उपयुक्त बनाउनका लागि त्यस विषयसँग सम्बन्धित अध्ययन भएका, लेखिएका, प्रकाशन गरिएका आदि सामग्रीको पनि आलोचनात्मक मूल्याङ्कन गरिनुपर्दछ। उक्त मूल्याङ्कनका आधारमा अनुसन्धाताले आफ्नो अनुसन्धानलाई आफूभन्दा अगाडि गरिएका कार्यसँग जोड्न सक्तछ। आफ्नो अध्ययनको रिक्तता खोज्दछ। अध्ययनको सैद्धान्तिक तथा अवधारणात्मक ढाँचाको निर्माण गरी अध्ययनविधि र सीमाङ्कन गर्ने मार्ग पूर्वकार्यको आलोचनात्मक समीक्षाले निर्माण गर्दछ। पूर्वकार्यहरूको प्रकृतिको पहिचान, विषय क्षेत्रको सीमाङ्कन, समग्र अध्ययनको सङ्गठन आदि कार्यमा पूर्वकार्यका समीक्षाको खण्डले महत्त्वपूर्ण सहयोग पुर्‍याउने भएकाले थेसिस लेखनमा यसको केन्द्रीय भूमिका रहन्छ। शीर्षक चयनदेखि

निष्कर्ष निर्माणसम्म भूमिका खेल्ने भएकाले पूर्वकार्यको समीक्षालाई प्राज्ञिक लेखनमा विशेष कार्यका रूपमा लिइन्छ।

पूर्वकार्यको आलोचनात्मक समीक्षा नै समसामयिक अनुसन्धानको आवश्यकता भएकाले प्राज्ञिक लेखनको मान्यताअनुसार वस्तुपरक लेखनमा उक्त कार्यले विशेष भूमिका खेल्दछ। पूर्वकार्यको समीक्षा गर्दा आलोचनात्मक लेखाइको प्रक्रिया र भाषालाई अपनाउनुपर्दछ । उक्त प्रक्रियामा सामग्रीको सबल पक्ष, कमजोरी, उपयोगिता र चुनौती जस्ता पक्ष समेटिन्छन्। तथा, पूर्वअध्येताले केके समेट्न सक्यो, के के समेट्न सकेन, के के समेट्न सक्थ्यो, के के समेट्न यसका सीमा देखिए जस्ता कुरालाई प्रस्ट ढङ्गले प्रस्तुत गर्नुपर्दछ। साथै, प्राज्ञिक लेखनले वस्तुपरक तथा संसक्त लेखनलाई बढी मान्यता दिनु भएकाले उक्त मान्यतालाई पनि आफ्नो लेखनको माध्यम बनाउनुपर्दछ । यसर्थ, यस अध्ययनले पूर्वकार्यको समीक्षासम्बन्धी संरचना र अन्तरकथ्यलाई प्रस्ट पारेकाले हरेक अनुसन्धानमा यसको प्रभाव पर्ने अपेक्षा गरिएको त साथै प्राज्ञिक लेखनका हरेक पक्षमा एकरूपता ल्याउनका लागि यस विषयमा अध्ययन गर्नु गराउनु चाहिँ जरुरी देखिएको छ।

**कृतज्ञताज्ञापन**

यस अनुसन्धानात्मक लेखलाई प्राज्ञिक लेखनको एक महत्त्वपूर्ण पक्षका रूपमा तयार गरिएको हो। यस लेखले विद्यावारिधिको प्रयोजनलाई पूरा गर्न सहयोग गर्ने भएकाले सम्बद्ध सबैप्रति कृतज्ञ छु।

## सन्दर्भसामग्री सूची

क्रस्बेल, जे. डब्लु. (सन् २००५), *एजुकेसनल रिसर्च : प्लानिङ, कन्डक्टिङ, एन्ड इभालुएटिङ क्वान्टिटेटिभ एन्ड क्वालिटेटिभ रिसर्च,* अपर स्याडल रिभर, न्यू जर्सी।

क्रस्बेल, जे. डब्लु. र क्रस्बेल, डि.जे. (सन् २०२३), *रिसर्च डिजाइन : क्वान्टिटेटिभ, क्वालिटेटिभ एन्ड मिक्स् अप्रोचेज* (छैठौँ संस्क.), सेज।

गल्भान, जे.एल. र गल्भान, एम.सि. (सन् २०१७), राइटिङ् लिटेरेचर रिभ्यु : अ गाइड फर स्टुडेन्ट्स् अफ द सोसल एन्ड बिहाभिअरल साइन्सेस् (तेस्रो संस्क.), *ग्लेन्डल, सिए,* पाइजाक पब्लिसिङ् । https://doi.org/10.4324/9781315229386

गार्सिया, एस्. र फोमबोना, जे.(सन् २०१५), *अप्रोच टु द फेनोमेनन अफ एम लर्निङ् इन इङ्लिस टिचिङ,* डिजिटल एजुकेसन रिभ्यु, भो.२८, पृ.पृ.१९—३६।

चेन, डि.टि.भि., वाङ, वाइ.एम. एन्ड लि, डब्लु.सि. (सन् २०१६), च्यालेन्जेन कन्फ्रन्टिङ् बेगिनिङ् रिसर्चर्स इन कन्डक्टिङ् लिटरेचर रिभ्युज, *स्टुडेन्ट्स् इन कन्टिन्युङ् एजुकेसन,* ३८(१), पृ.पृ.४७—६०।

थम्प्सन, पि.(सन् २००४), रिसर्चिङ् फेमिली एन्ड सोसल मोबिलिटी विथ टु आइज : सम एक्पेरियन्सेस अफ द इन्टराक्सन बिट्विन क्वालिटटेटिभ एन्ड क्वालिटेटिभ डाटा, इन्टरनेसनल जर्नल अफ सोसल रिसर्च मेथोडोलोजी, ७ (३), पृ. २३७—२५७।

देना, टि. (सन् २०१३), *द लिटरेचर रिभ्यु : अ फिउ टिप्स् अन कन्डक्टिङ् इट* हेल्थ साइन्सेज राइटिङ् सेन्टर, युनिभर्सिटी अफ टोरोन्टो।

प्राइस, आर.एच.(सन् २०१७), द फोर पार्ट लिटरेचर रिभ्यु प्रोसेस : ब्रेकिङ् इट डाउन फर स्टुडेन्ट्स्, *कलेज टिचिङ्* ६५, पृ.पृ.८८–९१।

फर्यादी, क्यु.(सन् २०१८), पिएचडी थेसिस राइटिङ् प्रोसेस : अ सिस्टेमेटिक अप्रोच, हाउ टु राइट योर इन्ट्रोडक्सन, *क्रियटिभ एजुकेसन,* ९,पृ.पृ.२५३४–२५४५।

बिगम, जोन (सन् २००८), *सक्सेडिङ् विथ योर मास्टर्स डेजर्टेसन्,* ओपन युनिभर्सिटी प्रेस।

बुथ, सि.वाइने र अन्य (सन् २०१६), *द क्राफ्ट अफ रिसर्च* (चौथो संस्क.), युनिभर्सिटी अफ सिकागो प्रेस।

मार्को, पि., र बोर्ने, पि.इ., सम्पादक (सन् २०१३), *प्लस कम्पुट बायल,* ९, पिएमसि३७१५४४३।

रिउहर्न, एस.(सन् २०१८), राइटिङ् योर सक्सेसफुल लिटेरेचर रिभ्यु, *जर्नल अफ ज्योग्राफी इन हाइयर एजुकेसन,* ४२, पृ.पृ.१४३–१४७।

वालवर्क, एड्रियन (सन् २०११), *इङ्लिस फर राइटिङ् रिसर्च पेपर्स,* स्प्रिङ्गर।

सेसाइल, बादेन्होर्स्ट (सन् २०१८), साइटेसन प्राक्टिसेस अफ पोस्टग्राजुएट स्टुडेन्ट्स् राइटिङ् लिटरेचर रिभ्युज, *लन्डन रिभ्यु अफ एजुकेसन,* DOI: https://doi.org/10.18546/LRE.16.1.11 Volume 16, Number 1.